# गन्यापधुरा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

**गणेशपुर, डडेल्धुरा**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

## घरबाटै अनलाईन मार्फत व्यक्तिगत घटना दर्ता सम्बन्धी सूचना !!!

नेपाल सरकारले व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद) अनिवार्य रुपमा दर्ता गर्नु पर्ने व्यवस्था गरेको हुँदा गन्यापधुरा गाउँपालिका भित्र अनलाईन मार्फत व्यक्तिगत घटना दर्ता गर्न आफ्नो घरमै बसि मोबाईलबाट समेत व्यक्तिगत घटना दर्ताको फाराम भर्न सक्नुहुनेछ। फाराम भरी प्राप्त टोकन नम्बर लिएर सम्बन्धित वडा कार्यालयबाट प्रमाण-पत्र प्राप्त गर्न सक्नुहुनेछ।

### फाराम भर्ने तरिका -

- https://public.donidcr.gov.np मा जानुहोस वा देखाएको QR-Code स्क्यान गरि घटना दर्ताका लागी यहाँ थिच्नुहोसमा क्लिक गर्नुहोला।
- क्लिक गरिसकेपछि कुन प्रयोजनका लागि फाराम भर्दै हुनुहुन्छ, छनोट गर्नुहोला।
- छनोट गरि सकेपछी फाराम खुल्नेछ। उक्त फाराम भरिसकेपछि अन्तिममा आफ्नो मोबाईल नम्बर राखेर पेश गर्नुहोला।
- उक्त मोबाईल नम्बरमा टोकन नम्बर प्राप्त हुनेछ र सोहि टोकन नम्बर लिएर ३५ दिन भित्र सम्बन्धित वडा कार्यालयमा सम्पर्क गरि स्थानीय पञ्जीकाधिकारीबाट व्यक्तिगत घटना दर्ताको प्रमाण-पत्र उपलब्ध हुनेछ। टोकन नम्बरको प्रयोग ३५ दिन भित्र गरिसक्नुपर्नेछ। नत्र, पुनः माथिको प्रक्रिया अबलम्बन गर्नुपर्नेछ।

**पुनश्च: व्यक्तिगत घटना घटेको ३५ दिनभित्र घटना दर्ता गरि जरिवाना बाट बचौं।**